नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
परियोजना कार्यान्वयन एकाई, भक्तपुर
(कार्यक्षेत्र: भक्तपुर, काठमाण्डौ र ललितपुर)

फोन ०१-५१४२१३१
इमेल pmamp piu bhaktapur@gmail.com

चाँगुनारायण-८, सुडाल, भक्तपुर

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन एकाई भक्तपुर

## सूचना नं.: २

## आलु जोन, भक्तपुर

## कार्यक्रममा सहभागि हुन प्रस्ताव आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति: २०७८/०५/२२)

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई भक्तपुरअन्तर्गत आ.ब.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार भक्तपुर जिल्लामा संचालित आलु जोन (अनुसरण) (व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र) क्षेत्र चाँगु नारायण नगरपालिका वार्ड नं. १ देखि ९ सम्ममा संचालन हुने तपसिल बमोजिमका कार्यक्रममा सहभागी हुन चाहने संबन्धित जोन क्षेत्रका इच्छुक कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता समिति र नीजि कृषि फर्म तथा कृषि कम्पनीहरुका अधिकारिक व्यक्तिले यस कार्यालयको निर्धारित ढांचाको आवेदनसाथ निम्न बमोजिमको आवश्यक कागजातहरु सहित कार्यालय समयभित्र परियोजना कार्यान्वयन एकाई, भक्तपुर मा मिति २०७८ असोज २० गते सम्म प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क.सं. | स्वीकृत कार्यक्रम | इकाई | परिमाण | बजेट रु लाखमा | यस कार्यालयबाट उपलब्ध हुनसक्ने अनुदान | प्रस्ताव आवेदन पेश गर्दा ध्यान दिनु पर्ने मुख्य मुख्य विवरण |
|---|---|---|---|---|---|---|
| १ | बीउ आलु आत्मनिर्भर कार्यक्रम | हेक्टर | ४ | ६ | कुल लागतको ५० प्रतिशत अनुदान वा अधिकतम १.५० लाख सम्म | नेपाल सरकारबाट बीउ उत्पादनका लागि सूचिकृत जातहरुमा विउ उत्पादनमा संलग्न कृषि उधमी । |
| २ | पोष्टहर्भेष्ट सहयोग कार्यक्रम | पटक | २ | ४ | कुल लागतको ५० प्रतिशत अनुदान वा अधिकतम २ लाख सम्म | व्यवसायिक आलु विउ उत्पादक संस्थालाई विउ भण्डारण तथा प्याकेजिङ्ग गर्न । |

<u>आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरु</u>

१. संस्थाको छाप सहितको रु. १० को हुलाक टिकट टाँसेको कार्यालयले तोकेको ढाँचामा आवेदन साथ परियोजना कार्यान्वयन एकाइले तयार गरेको फर्मेट अनुसारको तथ्याङ्क सम्बन्धी विवरण ।

१. कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि उधमी (फर्म) संबन्धित सरकारी निकायमा विधिवत रुपमा संस्था दर्ता भएको तथा नियमानुसार नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपी।

२. आवेदक संस्थाको बैठकको निर्णयको प्रतिलिपी।

३. सम्बन्धित नगरपालिका, वडा कार्यालय वा पालिकाको कृषि शाखाको सिफारिश पत्र ।

४. सहकारी सस्था/फर्महरुको आ.ब.२०७६/०७७ को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी ।

५. कर तिर्नुपर्ने संस्थाले अघिल्लो आ.ब. मा कर तिरेको रसिद वा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

६. स्थायी लेखा नम्बर (PAN) प्रमाण पत्रको प्रतिलिपी ।

७. आवेदन दिने संस्थाको अधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपी

८. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा लालपूर्जाको प्रतिलिपी र भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता पत्र पेश गर्नुपर्नेछ ।

पुनश्च: आवेदक जोनसँग सम्बन्धित बालीको उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धि कार्यमा व्यवसायिक रुपमा संलग्न रहेको हुनुपर्नेछ । र आवेदनमा माग भए बमोजिमका सम्पूर्ण कागजात नपुगेमा आवेदन स्वीकृत गर्न बाध्य हुने छैन ।

<u>थप जानकारीको लागि</u>

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन एकाइ, भक्तपुर चाङुनारायण न.पा.-८, सुडाल, भक्तपुर
फोन नं.: ०१-५१४२१३१ सूचना अधिकारी मोबाइल नं.:९८५११४२१३१

टीकाराम शर्मा
कृषि अधिकृत